मुख्यमन्त्री

गण्डकी प्रदेश, नेपाल

# विज्ञप्ति

म्याग्दी जिल्लाको बेनीबाट नारायणघाटका लागि हिडेको ग१ख ६१०८ नंबरको यात्रु बस आज विहान करिब ८.०० बजेतिर पर्वत जिल्ला, कुश्मा नगरपालिका वडा नं. १, मालढुङ्गामा दुर्घटनामा परि ७ जनाको मृत्यु भएको तथा अन्य यात्रुहरू गम्भीर घाइते भएको खबरले अत्यन्त दुःखी तुल्याएको छ ।

दुर्घटनामा ज्यान गुमाउने सबै यात्रुहरूप्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दछु । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन तथा इष्टमित्रहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।

दुर्घटनामा घाइते भई उपचार गराइरहनुभएका सबैको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै उद्धार एवम् उपचारमा खट्नुहुने सबैप्रति हार्दिक धन्यवाद समेत प्रकट गर्दछु ।

२०७५ माघ ३ गते ।

(पृथ्वी सुब्बा गुरूङ)